# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
## सानोठिमी, भक्तपुरको
## श्री जनस्वास्थ्य तथा प्राविधिक अध्ययन स्कुल निलकण्ठ न.पा ०३,पुछारबजार धादिङ्गको नामसारी (स्वामित्व हस्तान्तरण) सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !
प्रकाशित मिति २०८३/०१/२१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रमाणपत्र तह सामान्य चिकित्सा र प्रि-डिप्लोमा तहको सिभिल सव-ओभरसियर (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री जनस्वास्थ्य तथा प्राविधिक अध्ययन स्कुल निलकण्ठ न.पा-०३, ,पुछारबजार,धादिङ्गले कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०६९/०७/२० च.नं.४२९५, २०७३/०२/०३ च.नं.२७४८६, २०७५/०२/०७ च.नं.४११९३, २०७५/०२/२० च.नं.४३३९६ र २०८०/०९/२४ च.न. ३५६७५ संम्लग्न शेयर लगत विवरण अनुसार ५ पटक नामसारी/स्वामित्व हस्तान्तरण भई आएकोले सोही अनुसार नामसारी/स्वामित्व हस्तान्तरण कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८३/०३/१७ गते बसेको २०९ औं वैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नामसारी (स्वामित्व हस्तान्तरण) सहमति/स्वीकृति प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति प्रमाणपत्र तह सामान्य चिकित्सा र प्रि-डिप्लोमा तहको सिभिल सव-ओभरसियर(हाल स्थगनमा) कार्यक्रम प्रति कोही कसैको हकदाबी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनु अनुरोध छ । उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भई आए अनुसार संस्थाको नामसारी (स्वामित्व हस्तान्तरण) भई जाने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**सम्पर्कका लागि**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८
**इमेलः ctevtaccreditation061@gmail**